Volume 3, Issue 2, 2024, pp. 107–119
*https://doi.org/10.62078/grks.2024.v03i02.011*
Research Article

GS WOW
Wisdom of Worthy Research Journal

# भाषा शिक्षकहरूको वृत्ति विकासमा विश्वविद्यालयहरूको योगदान

**हेमा जोशी**
विद्यावारिधि अनुसन्धानरत, सुदूरपश्चिम विश्वविद्यालय ,नेपाल

**Article Info.**

***Corresponding Author***
**Hema Joshi**

***Email***
joshihema262@gmail.com

***Article History***
Received: 10 October 2024
Accepted: 17 November 2024

**Cite**
Joshi, H. (2024). भाषा शिक्षकहरुको वृत्ति विकासमा विश्वविद्यालयहरुको योगदान (Contribution of universities to the professional development of language teachers). *GS WOW: Wisdom of Worthy Research Journal, 3*(2), 107–119. https://doi.org/10.5281/zenodo.14511932

**Abstract लेखसार**

प्रस्तुत आलेख भाषा शिक्षकहरूको वृत्ति विकासमा विश्वविद्यालयहरूको योगदानबारे केन्द्रित छ। नेपाली भाषा नेपालको सरकारी कामकाजको भाषा तथा शिक्षाको माध्यम भएकाले नेपाली भाषामा शिक्षण गर्न शिक्षकको वृत्ति र विकासको आवश्यकता पर्दछ। शिक्षकको वृत्ति विकासका लागि शिक्षा ऐन २०२८ तथा नियमावलीअनुसार शिक्षा मन्त्रालयको मातहतमा विभिन्न विश्वविद्यालयहरूले काम गर्दै आएका छन् । यी विश्वविद्यालयहरूले शिक्षकको पेसागत विकासमा पुऱ्याएको योगदानका साथै पेसागत विकासका आधारहरू र आवश्यकताका बारेमा यस लेखमा चर्चा गरिएको छ। उच्च शिक्षाका लागि सञ्चालन गरिएका अध्ययन संस्थान तथा सङ्काय मिलेर बनेको संस्थालाई विश्वविद्यालय भनिन्छ। उच्च शिक्षाका विभिन्न विषयहरू अध्ययन गरिने संस्था नै विश्वविद्यालय हो। यी संस्थाले प्रत्यक्ष वा परोक्ष रूपमा नेपाली भाषा शिक्षकको पेसागत उन्नयनमा सहयोग गरी दक्ष शिक्षक निर्माणमा योगदान पुऱ्याएका छन्। लेख तयार पार्न पुस्तकालयको उपयोग गरी सङ्कलित प्राथमिक र द्वितीयक स्रोतका सामग्रीलाई तर्क, प्रमाण र उदाहरणका आधारमा विश्लेषण गरिएको छ। शिक्षकलाई नवीनतम विधि तथा प्रविधिसँग परिचित गराउनुका साथै अद्यावधिक गराउने कार्यमा यी संस्थाको महत्त्वपूर्ण भूमिका रहेको छ। यस लेखमा शिक्षकको वृत्ति र विकासमा योगदान पुऱ्याउने शिक्षाशास्त्र सङ्कायले अध्यापन गराउने विश्वविद्यालयलाई मात्र लिइएको छ ।अध्ययनले शिक्षकको वृत्ति र विकासमा विश्वविद्यालयहरूले प्रभावकारी भूमिका खेल्नु पर्ने निष्कर्ष निकालिएको छ।

मुख्य शब्दावली: गुणात्मक, पूनर्ताजगीकरण, एकीकृत, प्राविधिक, तालिम, वृत्ति

## परिचय

शिक्षकहरूको पेसागत विकास भनेको शिक्षकहरूलाई अद्यावधिक ,पेसानिष्ठ प्रभावकारी र परिणामुखी बनाउने कार्य हो। शिक्षण एक प्राविधिक कार्य हो। जुनसुकै कार्य सम्पन्न गर्नको लागि कुनै न कुनै प्रकारको विशेष सिप तथा दक्षताको आवश्यकता पर्दछ। शिक्षणलाई प्राविधिक रूप दिनका लागि विषयवस्तुको ज्ञान र अनुभव मात्र प्रयाप्त हुँदैन। त्यसको लागि विशेष विषयवस्तु योग्यता, दक्षता र तालिमको आवश्यकता पर्दछ। यस्तै शिक्षाका आधारभूत सिद्धान्तहरूको उपयोग गर्दै शिक्षणलाई अर्थपूर्ण, प्रभावकारी एवम् उद्देश्यमूलक बनाउन सक्नु पर्दछ। कक्षामा उभिएर पाठ्य पुस्तकमा भएका कुराहरू एकोहोरो रूपा व्याख्या गर्दैमा त्यसलाई प्राविधिक शिक्षण मान्न सकिँदैन। प्राविधिक रूपले शिक्षक बन्न विषयसँग सम्बन्धित आधारभूत ज्ञान, सिप र धारणा अनिवार्य छ (काफ्ले र अन्य ,२०५९,पृ.६७) । कुनै पनि पेशामा दक्षता हासिल गर्न उद्देश्यमूलक विषयवस्तुको ज्ञान हुनुपर्दछ। त्यस्तै शिक्षण पेसाको पनि दक्षतामा वृद्धि गर्ने हो भने विषयवस्तुमा गुणात्मकता वृद्धि गर्न आवश्यक हुन्छ । जबसम्म शिक्षकहरूलाई पेसागत रूपमा दक्ष बनाइदैँन तबसम्म पठनपाठन क्रियाकलाप प्रभावकारी बनाउन सकिँदैन र गुणात्मक शिक्षा प्रदान गर्ने काम अधुरो र अपुरो हुन्छ। अहिलेको वैज्ञानिक युगमा दिनानु दिन नयाँ नयाँ ज्ञानको विष्फोटन भइरहेको छ। हरेक दिन नयाँ नयाँ कुराको आविष्कारले गर्दा आजको विषयवस्तुको ज्ञान


CC BY NC
Copyright©2024: Author(s). Published by Gaurishankar Campus, Bara, Nepal

आर्जन गरेका कुनै पनि विषयवस्तुको ज्ञान भोलिका लागि पुरानो भइसकेको हुन्छ। ती ज्ञानलाई स्थायी रूप दिने हो भने समय समयमा पूनर्ताजगीकरण गराइरहेको हुनुपर्दछ । विभिन्न विधाहरूमा नयाँ–नयाँ ज्ञान र सिपहरूको वृद्धि भइरहेको छ। त्यसैले हरेक व्यक्तिले आफ्नो पेशासम्बन्धी ज्ञान, सिप र धारणामा सबै पक्षको नविनतम जानकारी आवश्यक हुन्छ (खनाल,२०६०,पृ.८०)।

शिक्षा आर्जन मानव सभ्यताको सुरुआतदेखि नै निरन्तर रूपमा चल्दै आएको परम्परा हो । नेपालमा शिक्षाको विकासक्रम प्राचीन समयदेखि आर्यद्विजहरूको वर्णाश्रम नियमानुसार पाँचदेखि आठ वर्षसम्ममा उपनयन भएर गुरुकुलमा ब्रम्हचार्याश्रममा रहेर प्रायः २०–२५ वर्ष विद्याध्ययन गरेर स्नातक भई गृहस्थाश्रममा प्रवेश गर्ने नियममा आधारित थियो। त्यतिबेला साधारण शिक्षा घरमै अभिभावकहरूबाट लिने तथा स्वध्ययनमा आधारित हुन्थ्यो भने उच्च शिक्षाको ज्ञान लिने परम्परा गुरुशिष्य पद्धतिमा रहेर आफ्नो थातथलोबाट गुरुकुल वा आश्रममा गएर शिक्षा दीक्षा लिने प्रचलन थियो। यो परम्परा गुरुकुल पद्धतिअनुरूप लामो कालखण्डसम्म निरन्तर चलिरह्यो । नेपालमा मध्यकालसम्म पनि गुरुकुल परम्पराबाट शिक्षा–दीक्षा लिने परिपाटी थियो। खासगरी तत्कालीन समयमा संस्कृत शिक्षाबाहेक बौद्ध विहारका गुरुकुल समेत निकै प्रचलित रहेको पाइन्छ । गुरुकुल पद्धतिमा गुरु–शिष्य परम्पराको नियममा बसेर शिक्षा लिनु पर्दथ्यो भने शिक्षाको विषयवस्तुहरूमा खासगरी धार्मिक ज्ञान, जीवन र समाजका विषयहरू अध्यापन गराइन्थ्यो। नेपालका केही भूभाग जस्तै दिक्तेल, ओखलढुङ्गा, तेह्रथुम, पाँचथर इलाममा ब्राहमण विद्वानहरूले गुरुकुल चलाएको इतिहासमा भेटिन्छ (शर्मा र शर्मा, २०६७, पृ. १४) । गुणस्तरीय शिक्षा प्रत्येक बाल बालिकाको अधिकारको रूपमा स्थापित भएको छ। पेसागत रूपमा दक्ष र उच्च उत्प्रेरणा भएका शिक्षकबाट प्रभावकारी शिक्षण सिकाइ हुन सक्ने र त्यसले मात्र बाल बालिकाले गुणस्तरीय शिक्षा पाउन सम्भव छ । त्यसैले विद्यालय शिक्षामा शिक्षक पेसागत विकासलाई महत्त्व दिने गरिन्छ । शिक्षकले सिक्ने र आफ्नो पेसागत विकास गर्ने विभिन्न विधि र प्रक्रिया हुन्छन् । उनीहरूले तालिम कार्यक्रममा सहभागी भएर र अभ्यास, खोज तथा स्वाध्ययन, अनुभव आदानप्रदान तथा अवलोकन गरेर आफ्नो पेसागत दक्षता बढाउँछन् (कुँवर र अन्य २०६३,पृ.८८) । त्यसैले शिक्षक पेसागत विकासका लागि सिकाइका यस्ता विभिन्न विधि र प्रक्रियाको प्रयोग गरिन्छ। शिक्षकले विभिन्न प्रक्रियाबाट आफ्नो दक्षता बढाउने र शिक्षण सिकाइमा उपयोग गर्ने वातावरण विकास गर्न शिक्षक पेसागत विकासको प्रष्ट कार्य दिशा तय गर्नु आवश्यक हुन्छ।

नेपालको शैक्षिक इहिासलाई हेर्दा वैदिक सभ्यताबाट विकसित भएको पाइन्छ। इसापूर्व १५०० वर्ष अगाडि वेदको रचना भयो। त्यसपछि शिक्षण परम्पराको सुरुवात भएको पाइन्छ। उच्च शिक्षा स्वदेशी विश्वविद्यालयको सम्बन्धन प्राप्त गरी सञ्चालन गर्न अनुमति राष्ट्रिय विश्वविद्यालय अन्तर्गत सञ्चालन गर्नुपर्ने आवश्यकता महसुस गरी वि.सं. २००९ सालमा तत्कालीन सरकारद्वारा गठित शिक्षा समितिको सिफारिसमा वि.सं. २०११ मा राष्ट्रिय शिक्षा योजना आयोगको गठन गरियो । सोही आयोगका सुझाव अनुसार वि.सं. २०१३ सालमा त्रिभुवन शिक्षापिठ नामक शैक्षिक संस्थाको स्थापना भएको थियो । यही शिक्षण संस्थालाई पछि विश्वविद्यालयको अङ्ग हुने गरी शिक्षा स्नातक र बि.एड को उपाधि दिने अधिकार प्रदान गरिएको थियो। त्रिभुवन विश्वविद्यालय ऐन, २०१६ जारी भई २०१६ साल असार (शुक्ल नवमीका दिन) ३० गते त्रिभुवन विश्वविद्यालयको स्थापना भएसँगै उच्च शिक्षाले औपचारिक संस्थागत स्वरूप ग्रहण गर्यो। त्यसताका त्रि.वि को मुख्य कार्य साधारण शिक्षातर्फ एम.ए. स्तरसम्मका पाठ्यक्रम तर्जुमा गरी अध्ययन अध्यापन तथा परीक्षा सञ्चालन गर्नु रहेको छ । सन् १९५२ को राष्ट्रिय शिक्षा आयोगले तत्कालीन सरकारलाई विश्वविद्यालय स्थापना गर्न सिफारिस गरे बमोजिम नेपालमा पहिलो विश्वविद्यालयको रूपमा त्रिभुवन विश्वविद्यालयको स्थापना सन् १९५९ मा भएपछि उच्च शिक्षा सबै नेपालीको लागि पहुँचको क्षेत्र बन्यो । यद्यपि, त्रिभुवन विश्वविद्यालयको स्थापना तथा सञ्चालन भएको २४ वर्ष पछि सन् १९८३ मा मात्र नेपालमा बहु–विश्वविद्यालयको नीतिगत अवधारणा आयो र यो नीतिगत व्यवस्थाले अन्य विश्वविद्यालयहरू खुल्ने क्रम सुरु भएको हो। नयाँ विश्वविद्यालयहरू खुल्ने क्रममा क्रमशः सन् १९८६ मा महेन्द्र संस्कृत विश्वविद्यालय, सन् १९९१ मा काठमाडौँ विश्वविद्यालय, सन् १९९५ मा पूर्वाञ्चल विश्वविद्यालय र १९९६ मा पोखरा विश्वविद्याल स्थापना भई सञ्चालनमा आएका छन् । यसैगरी, लुम्बिनी बौद्ध विश्वविद्यालय सन् २००५ मा स्थापना भयो भने थप तीन विश्वविद्यालयहरू, सुदूरपश्चिम विश्वविद्यालय, मध्यपश्चिम विश्वविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालय सन् २०१० मा स्थापना भएका हुन्। नेपाल खुला विश्वविद्यालय र राजर्षि जनक विश्वविद्यालय क्रमशः सन् २०१६ र २०१७ मा स्थापना भएका हुन् (नेपालमा विश्वविद्यालयहरूको अवस्था र प्रादेशिक विश्वविद्यालय स्थापनाका आयामहरू२०७९,पृ.१७–३१)।

उच्च शिक्षामा अध्यापन हुने विषय र क्याम्पसको विवरणलाई ध्यानमा राखी शिक्षकहरुको वृत्तिविकासका उपाधिमूलक र उपाधि निर्पेक्ष योजनाबद्ध कार्यक्रम बनाई कार्यान्वयन गरिएको छ । उपाधिमूलक कार्यक्रम अन्तर्गत दर्शनाचार्या वा सिनियर डिप्लोमाजस्ता र सिनियर विद्यावारिधिमूलक कार्य समावेश गरिएका छन् । उपाधि निरपेक्ष अन्तर्गत शिक्षकहरुको शैक्षणिक क्षमताको अभिवृद्धिका लागि विभिन्न विश्वविद्यालयहरुले आई.एड, बि.एड र एम.एड कार्यक्रम सञ्चालन गरी तालिमप्राप्त शिक्षक उत्पादन गर्ने लक्ष्य ल्याउनुका साथै विषयगत गोष्ठी, कार्यशाला गोष्ठी, अनुसन्धान परियोजना आदि कार्यक्रम गरेर शिक्षकहरुको वृत्ति र विकासमा महत्त्वपूर्ण योगदान दिँदै आइरहेका छन् ।

भाषा शिक्षकहरुको वृत्ति विकासमा विश्वविद्यालयहरुले भाषा शिक्षकको वृत्ति विकासमा के कस्तो भूमिका खेलेका छन्, शिक्षकका पेसागत विकासका आधारहरू र आवश्यकता के के हुन् भन्ने जिज्ञासा नै यस अध्ययनको मुख्य प्राज्ञिक समस्या हो । यसै प्राज्ञिक समस्याको विधि सम्मत ढङ्गले समाधान गर्नका लागि निम्नलिखित समस्या पहिचान गरिएका छन् ।

- विश्वविद्यालयहरुले भाषा शिक्षकहरूको वृत्ति विकासमा के कस्तो योगदान दिएका छन् ?
- विश्वविद्यालयहरुले भाषा शिक्षकहरूको वृत्ति विकासमा कसरी योगदान दिएका छन् ?
- शिक्षकका पेसागत विकासका आधारहरू र आवश्यकता के के हुन् ?

उपर्युक्त शोध्य प्रश्नहरूको निराकरण गर्नु नै यस अध्ययनको मुख्य उद्देश्य रहेको छ ।

## अध्ययन विधि

यस लेखमा नेपालमा विश्वविद्यालयहरूको अवस्था र प्रादेशिक विश्वविद्यालय स्थापनाका आयामहरू अनुसन्धान प्रतिवेदन (२०७९) नीति अनुसन्धान प्रतिष्ठानले सिफारिस गरेको प्रतिवेदनलाई मूल सामग्री बनाइएको छ। पुस्तकालयबाट प्राप्त द्वितीयक सामग्रीलाई परिमाणात्मक तथा गुणात्मक पद्धतिअनुसार विश्लेषण गरी निष्कर्ष निकालिएको छ। आलेख सम्पन्न गर्नका लागि अपनाइएको सामग्री सङ्कलन,तिनको सम्पादन र व्यवस्थापनका लागि अँगालिएका विधि छनोट गरिएका सामग्रीको विश्लेषणको सैद्धान्तिक आधार एवम् अर्थापनको ढाँचाको व्याख्या निम्नअनुसार गरिएको छः

- शिक्षकका पेसागत विकासका आधारहरू
- नेपालका विश्वविद्यालय
- शिक्षक पेसागत विकासको आवश्यकता

## नतिजा तथा छलफल

### शिक्षकका पेसागत विकासका आधारहरू

शिक्षक शिक्षण सिकाइ प्रक्रियासम्बन्धी गहन ज्ञान भएको र सो ज्ञानलाई शिक्षण सिकाइ सहजीकरणमा उपयुक्त तबरले प्रयोग गर्न सक्षम हुनु पर्दछ । शिक्षकमा शिक्षण सिकाइका विभिन्न तौरतरिका तथा नवीनतम शिक्षण प्रविधिमा अद्यावधिक ज्ञान हुनुपर्दछ । शैक्षणिक प्रविधिको प्रयोग गरी नेपाली भाषा शिक्षण सहजीकरण गरी विद्यार्थीहरूलाई प्रयोगात्मक तरिकाले शिक्षण गर्न सक्नुपर्दछ। पाठ्यक्रमका उद्देश्य तथा सक्षमताहरू हासिल गराउने गरी शैक्षणिक योजना र रणनीति तय गर्न सक्नुपर्दछ (शिक्षक सक्षमताको प्रारूप, २०७२, पृ. १)। विषयवस्तुको प्रकृति, विद्यार्थीको स्तर तथा वैयक्तिक भिन्नतालाई विशेष सम्बोधन गरी उपयुक्त शिक्षण विधिको छनोट र प्रयोग गर्नुपर्दछ। विद्यार्थीहरूलाई सिकाइ उपलब्धि वृद्धि गर्नका लागि उपयुक्त शिक्षण विधि तथा सामग्रीको प्रयोग गरी सिकाइ सहजीकरण गर्नुपर्दछ । त्यसैगरी शिक्षकले उपयुक्त साधनहरूको प्रयोग गरी सिकाइका विविध पक्षको मूल्याङ्कन गर्न, नतिजाको विश्लेषण गर्न तथा सोको उपयोग गर्न सक्नुपर्दछ । विद्यार्थीहरूको सिकाइ सुनिश्चितताका लागि निरन्तर विद्यार्थी मूल्याङ्कन गरी आवश्यकता अनुसार उपचारात्मक शिक्षण गर्न शिक्षक सक्षम हुनुपर्दछ (शिक्षक सक्षमताको प्रारूप, २०७२, पृ.१)। यी विविध पक्षहरूमा सक्षम भएमा मात्र शिक्षकको पेसागत विकास हुन सक्छ। यसर्थ शिक्षकको पेसागत विकासका लागि विषयवस्तुलाई प्रभावकारी ढङ्गले शिक्षण गर्नका लागि उपयुक्त विधि तथा कार्यकलापहरूको छनोट र प्रयोग गर्नुपर्दछ । शिक्षकका पेसागत विकासका आधारहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ।

### सञ्चार, सहयोग तथा सहकार्य

शिक्षकले विद्यार्थी, अभिभावक तथा आफ्ना सहकर्मी शिक्षकहरूसँग प्रभावकारी सञ्चार, सहयोग र सहकार्य गर्नुपर्दछ। आफ्नो पेसागत विकासका लागि खोज, अन्वेषण, सहकार्य, सहकर्मी शिक्षण तथा अन्तरक्रियाका लागि प्रभावकारी सञ्चार गर्न सक्नुपर्दछ। सहकर्मी शिक्षणलाई योजना, अवलोकन तथा उपचारात्मक पृष्ठपोषण जस्ता तीन चरणबाट अगाडि बढाउनुपर्दछ । विद्यार्थीहरूलाई

सिकाइप्रति उत्साहित बनाउन, विषयवस्तुलाई स्पष्ट पार्न, निर्देशन अनुरूपको कार्यकलापमा सक्रिय सहभागी गराउन, शैक्षणिक परामर्श दिन तथा शिक्षण सिकाइ सहजीकरणमा आवश्यक सञ्चार र सहयोग गर्नुपर्दछ। पेसागत विकास र विद्यार्थी सिकाइ प्रवर्धनका लागि सहकर्मीहरू बीच अनुभव, पृष्ठपोषणको आदानप्रदान, आपसी सहयोग र सहकार्य गर्नुपर्दछ। यसका साथै विद्यार्थीको शिक्षण सिकाइ सहजीकरणमा सहभागिता र शैक्षिक उपलब्धि लगायतका विषयको अभिलेखन तथा सहयोगका लागि सम्बन्धित सरोकारवाला तथा अभिभावकसँग छलफल परामर्श गर्न सक्नुपर्दछ (शिक्षक सक्षमताको प्रारूप, २०७२,पृ. २)। यसबाट शिक्षकको पेसागत विकासमा सहयोग पुग्छ तसर्थ सञ्चार, सहयोग र सहकार्य पेसागत विकासका लागि अनिवार्य मानिन्छ।

## निरन्तर सिकाइ र पेसागत विकास

शिक्षकले पेसागत विकासका अवसरहरूको खोजी गरी निरन्तर सिकाइमा संलग्न रहनुपर्दछ। शिक्षक आफूमा भएको ज्ञान, सिप तथा अनुभवको विश्लेषण गरी निरन्तर सिकाइ र पेसागत विकासमा प्रतिबद्ध रहनु पर्दछ (शिक्षक सक्षमताको प्रारूप,२०७२,पृ.३)। त्यसैगरी आफूले सम्पन्न गरेका कामहरूको स्वप्रतिबिम्बन गरी निरन्तर सुधारको प्रक्रियामा संलग्न रहनुपर्दछ। आफ्नो विषयको क्षेत्रमा भएका अध्ययन अनुसन्धान बारे जानकारी राख्ने तथा शिक्षण सिकाइ सुधारमा लागि कार्यमूलक अनुसन्धान गर्न सक्नुपर्दछ। त्यस्तै आपसी सहयोग र सहकार्यमार्फत आफ्ना अभ्यास र व्यवहारमा नवप्रवर्तन तथा सिर्जनशीलताको विकास गर्दै पेसागत उन्नयनमा सक्रिय हुनुपर्दछ (शिक्षक सक्षमताको प्रारूप,२०७२,पृ.३)। यसरी निरन्तर अध्ययन, अनुसन्धान, खोज तथा अन्वेषणबाट सिकेका कुराहरूबाट पेसागत विकास गर्न सकिन्छ।

## पेसागत आचारसंहिता

शिक्षकले आफ्नो पेसागत आचारसंहिताको पालन गरेर पेसागत विकास गर्न सक्छ। शिक्षकले प्रचलित ऐन नियम तथा सामाजिक मूल्य मान्यताअनुकूल आदर्श पेसागत आचरण प्रदर्शन गर्दै आफ्नो जिम्मेवारी तथा उत्तरदायित्व बहन गर्नुपर्दछ (शिक्षक सक्षमताको प्रारूप, २०७२,पृ. ४)। आफ्नो पेसाप्रति सम्मान र निष्ठाभाव राख्ने तथा उच्चतम नैतिक व्यवहार प्रदर्शन गर्दै सार्वजनिक विश्वास आर्जन गर्न सक्नुपर्दछ। संविधान, ऐन, नियमावली, निर्देशिका अनुरूपको आदर्श आचरण प्रदर्शन गर्दै आफ्नो कार्य तथा व्यवहारको जिम्मेवारी लिन सक्नुपर्दछ। पेसागत आचारसंहिता र पदीय मर्यादा अनुकूल सबै विद्यार्थीहरूप्रति तटस्थ र सम्मानजनक व्यवहार प्रदर्शन गर्न तथा उनीहरूको सर्वोत्तम हितका लागि कटिबद्ध रहनुपर्दछ। शिक्षासम्बन्धी विश्वव्यापी मान्यताहरू (मानव अधिकार, बाल अधिकार, मौलिक हकका रूपमा शिक्षा, सबैका लागि शिक्षा आदि) प्रति सचेत रही सो अनुकूल व्यवहार सम्पन्न गर्न सकेमा शिक्षकको पेसागत विकास हुन सक्दछ। यसर्थ पेसागत आचारसंहितालाई पनि शिक्षकको पेसागत विकासको पूर्वसर्त मानिन्छ।

## सूचना, सञ्चार तथा प्रविधिको प्रयोग

शिक्षकको पेसागत विकासमा सूचना, सञ्चार तथा प्रविधिको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ। शिक्षकले प्रभावकारी शिक्षण सिकाइ सहजीकरणका लागि सूचना तथा सञ्चार प्रविधिको सफल प्रयोग गर्न सक्नुपर्दछ। सिकाइलाई सहजीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको एकीकृत सिकाइ रणनीतिहरूको छनोट तथा प्रयोग गर्नुपर्दछ (शिक्षक सक्षमताको प्रारूप, २०७२,पृ.४)। सूचना प्रविधिका विविध साधनमार्फत सिकारुहरूको स्वसिकाइ प्रवर्धन गर्न आपसी सञ्चार र सहकार्यलाई प्रभावकारी बनाउनुपर्दछ। शिक्षकले बालबालिकाहरूको सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्न सक्नुपर्दछ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे परिचित हुँदै सो अनुकूल पेसागत व्यवहार प्रदर्शन गर्न सक्नुपर्दछ (शिक्षक सक्षमताको प्रारूप, २०७२,पृ.४)। यी विविध कुराहरूमा दक्ष हुन सकेमा मात्र पेसागत विकासको प्रक्रिया अगाडि बढ्छ।

## कार्यमूलक अनुसन्धान

शिक्षकको पेसागत विकासमा कार्यमूलक अनुसन्धानको महत्त्वपूर्ण भूमिका रहन्छ। यसबाट शिक्षकले आफ्नो कार्यसम्पादन स्तरमा सुधार ल्याउन र पेसागत दक्षता बढाउन सक्छ। कार्यस्थलमा आइपरेका तत्कालीन समस्याका कारण र सुधारका मार्ग पहिचान गर्न कार्यमूलक अनुसन्धानले सहयोग पुऱ्याउँदछ। शिक्षण सिकाइका क्रममा देखा परेका समस्याको पहिचान गरी तिनको समाधान र सुधारका उपाय पत्ता लगाउन र सिकाइलाई प्रभावकारी, दिगो र जीवन्त यसको विशेष भूमिका रहन्छ। यो शिक्षण सिकाइका तत्कालीन समस्या समाधानमा केन्द्रित रहने भएकाले शिक्षकले स्वःशिक्षणको स्वःमूल्याङ्कन गर्न सक्छ। पाठ्यक्रमले राखेका अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न, योजनाबद्ध तरिकाले शिक्षण गर्न र शिक्षकको

शिक्षणीय शैलीमा सुधार गरी शिक्षकको पेसागत दक्षता विकास गर्न कार्यमूलक अनुसन्धान महत्त्वपूर्ण मानिन्छ । कक्षा शिक्षणका क्रममा शिक्षक शिक्षण सहजीकरणसम्बन्धी तथा विद्यार्थीहरूका सिकाइसम्बन्धी समस्याहरू निरन्तर रूपमा देखा परिरहेका हुन्छन्। यस्ता समस्या समाधान गर्न शिक्षक निरन्तर प्रयत्नशील रहन्छन्। आफ्नो शिक्षण सिकाइ सहजीकरणका क्रममा केही न केही नयाँ शिक्षणको शैली, तरिका, ज्ञान, सिप, पद्धति प्राप्त भइरहन्छ । यस्ता ज्ञान, सिप वा पद्धतिबाट पनि पेसागत विकासमा सहयोग पुग्छ । शिक्षण सिकाइका क्षेत्रमा यस्तो प्रक्रियालाई कार्यमूलक अनुसन्धान भनिएको पाइन्छ। यसको मुख्य उद्देश्य पनि कुनै पनि नयाँ सिद्धान्त प्रतिपादन गर्नु नभई शिक्षण पद्धतिको सुधार गरी विद्यार्थीहरूको सिकाइ उपलब्धि सुधार गर्नु हो । यसमा शिक्षकले शिक्षण सँगसँगै आफ्ना शैक्षणिक त्रुटिहरूको पहिचान गरी आफ्नै सक्रिय सहभागितामा सुधार गर्ने अवसर प्राप्त गर्दछन् । मामला अध्ययन, आधारभूत अनुसन्धान तथा कार्यमूलक अनुसन्धानबाट भइरहेको सिद्धान्तको परीक्षण, नवीन ज्ञानको सिर्जना तथा नवीन सिद्धान्तको विकास गरी शिक्षकको पेसागत दक्षता वृद्धि गर्न सहयोग मिल्छ र यसले शिक्षकको व्यावसायिकतामा वृद्धि गर्दछ (कुँवर र अन्य,२०६३,पृ .७७) । यसरी कार्यमूलक अनुसन्धानबाट एकातर्फ शिक्षणीय समस्याहरू समाधान गर्न सकिन्छ भने अर्कातर्फ शिक्षकको पेसागत विकास गर्न सकिन्छ।

कार्यमूलक अनुसन्धानबाट आफ्नो पेसागत क्षमता विकासका लागि आफैँ प्रयत्नशील रहने प्रणाली विकास गर्न सकिन्छ। यसबाट भाषा शिक्षणमा परिवर्तन र सुधार ल्याउन निरन्तर सहयोग पुग्छ । पेसागत विकास जस्तै कार्यमूलक अनुसन्धान प्रक्रिया पनि निरन्तर चलिरहने भएकोले आफ्नो शिक्षण कौशल, क्षमता, दक्षता आदिमा सुधार गरी विद्यार्थीहरूमा अपेक्षित सिकाइ उपलब्धि हासिल गर्न सकिन्छ। शिक्षकलाई शिक्षणका क्रममा उत्पन्न भएका समस्या समाधान गर्न, शिक्षण विधि र प्रक्रियालाई अझ सुधार गर्न, वर्तमान शिक्षणीय अभ्यासलाई सुधार एवम् परिमार्जन गरी व्यावहारिक सिकाइ सहजीकरण गर्न तथा शिक्षकलाई आफ्नो कार्यक्षमता वृद्धि गर्न कार्यमूलक अनुसन्धानले सहयोग पुऱ्याउँदछ । त्यसैले शिक्षकको आन्तरिक मनोबल तथा बाह्य सक्षमता बढाइ पेसागत विकास गर्न कार्यमूलक अनुसन्धान निकै महत्त्वपूर्ण मानिन्छ।

### स्वप्रतिबिम्बात्मक सिकाइ

शिक्षकले आफ्ना शैक्षणिक गतिविधिहरूलाई आफैँले अवलोकन मूल्याङ्कन गरी आफैँ सिकेर आफ्नो पेसागत विकास गर्न सक्छ। यसमा शिक्षकले कक्षाकोठामा सञ्चालन गर्ने शिक्षण सिकाइ सहजीकरणको अनुभवबाट विभिन्न प्रकृतिका अनुभव तथा जानकारीहरू प्राप्त गर्दछ । दैनिक रूपमा प्राप्त हुने यस्ता अनुभवबाट विद्यार्थीहरूले कसरी सिक्न रुचाए ? सिकाइ सहजीकरणमा के कस्ता समस्या उत्पन्न भए ? ती समस्याहरूलाई कसरी समाधान गरियो ? कुन कुन शिक्षण विधि तथा कार्यकलापहरूको प्रयोग गर्दा विद्यार्थीहरूको सिकाइ उपलब्धि वृद्धि भयो ? विद्यार्थीहरूमा के कस्ता प्रकृतिका समस्याहरू देखापरे ? जस्ता विविध समस्याहरूसँग सामना गर्ने अवसर शिक्षकले प्राप्त गर्दछ। यस्ता अवसरबाट शिक्षकले आफूलाई कसरी अगाडि बढाउने, आफ्नो शिक्षण शैलीमा कसरी सुधार गर्ने, शिक्षण समस्याहरूलाई कसरी समाधान गर्ने भन्ने विषयमा अध्ययन गर्नुपर्दछ। यस्ता विषयबाट दैनिक रूपमा अनुभव वृद्धि हुँदै जाने र नियमित सुधार गर्दै जाने अवसर प्राप्त हुने भएकाले शिक्षकमा पेसागत जिम्मेवारी बढ्दै जान्छ । यस्ता विविध चुनौती तथा अवसरबाट शिक्षकको पेसागत उत्तरदायित्व वृद्धि भई अन्ततः पेसागत विकास हुन्छ। यसर्थ स्वप्रतिबिम्बात्मक सिकाइबाट शिक्षकको पेसागत विकास गर्न सकिन्छ (शिक्षक सक्षमताको प्रारूप, २०७२, पृ.३)।

### पेसागत तालिम

शिक्षण पेसालाई एउटा प्राविधिक पेसाका रूपमा लिइन्छ। प्राविधिक पेसालाई मर्यादित र पेसागत बनाउनका लागि विभिन्न पेसागत तालिमको आवश्यकता पर्दछ । शिक्षण पेसालाई पेसागत रूपमा विकास गर्नका लागि शिक्षकहरूलाई विभिन्न समयमा पेसागत तालिम दिने व्यवस्था मिलाउनु पर्दछ । शिक्षक तालिम नीति २०६२ अनुसार अल्पकालीन तालिम, पुनर्ताजगी तालिम र आवर्तक तालिमलाई प्रमाणीकरण तालिमको एक अङ्गको रूपमा गणना गरिने कुरा उल्लेख गरिएको छ । शिक्षकलाई सेवाकालीन र सेवाप्रवेश तालिम दिनका लागि प्रभावकारी तालिम पाठ्यक्रम र सामग्रीको विकास गर्ने कुरा उल्लेख गरिएको पाइन्छ। यसै सन्दर्भमा शिक्षकहरूलाई सेवाप्रवेश, सेवाकालीन, अल्पकालीन, पुनर्ताजगी तथा आवर्तक तालिम प्रदान गरी उनीहरूको पेसागत विकास गर्न सकिन्छ। यस्ता विविध प्रकृतिका तालिमहरूले शिक्षकमा नयाँ ज्ञान, सिप र धारणाको विकास गराउनुका साथै पुराना ज्ञान, सिप र धारणालाई अद्यावधिक गराउन सहयोग पुऱ्याउँछ । कुनै व्यक्तिमा भएको आन्तरिक क्षमतालाई बाह्य परिवेशमा ल्याई दक्ष, सक्षम, उर्जाशील बनाउने साधनको रूपमा तालिमलाई लिइन्छ । विद्यालयमा आवश्यक पर्ने विभिन्न शैक्षणिक योजनाहरू निर्माण गर्न, पाठ्यक्रम र पाठ्यपुस्तक

सम्बन्धी ज्ञान विकास गर्न, शिक्षण सामग्रीहरूको विकास गर्न, शिक्षण विधि तथा प्रक्रियाहरू सही रूपले प्रयोग गर्न, विषयगत मूल्याङ्कन प्रक्रियाको सही कार्यान्वयन गर्न, कक्षाकोठा व्यवस्थापन गर्न, बालमैत्री तथा सिकाइमैत्री वातावरण निर्माण गर्न आदि विविध पक्षमा शिक्षकहरूलाई विभिन्न तालिम दिएर उनीहरूको पेसागत दक्षता बढाउन सकिन्छ।

**आन्तरिक तथा बाह्य अवलोकन भ्रमण**

शिक्षकको शिक्षणीय कार्यकुशलता अभिवृद्धिका लागि आन्तरिक तथा बाह्य अवलोकन भ्रमणलाई पनि उपयोग गर्न सकिन्छ । शिक्षण सिकाइ सहजीकरण, शैक्षिक व्यवस्थापन, शिक्षण सामग्रीको छनोट, विकास र उपयोग, मूल्याङ्कन प्रणाली, अनुभव आदानप्रदान, शिक्षक सञ्जाल, सिकाइमैत्री वातावरण निर्माण आदि जस्ता पक्षमा राम्रा तथा उत्तम विद्यालयहरूले के कस्तो व्यवस्था गरेका छन् सो कुराको अवलोकन गरेर आफ्ना विद्यालयमा लागु गर्न सकिन्छ। त्यसैगरी शिक्षकले उपयोग गरेका शिक्षण विधि तथा कार्यकलाप, परियोजना कार्य, समूह कार्य, कक्षा कार्य, आन्तरिक परीक्षा लगायतका पक्षमा भएका सकारात्मक विषयहरूको अनुकरण गर्नका लागि पनि आन्तरिक तथा बाह्य अवलोकन भ्रमण उपयोगी मानिन्छ । स्वदेश तथा विदेशका शैक्षिक नीति, शैक्षिक व्यवस्थापन प्रणाली, मूल्याङ्कन प्रणाली, विद्यार्थीप्रतिको व्यवहार, शिक्षण सहजीकरण प्रक्रिया तथा शिक्षकको पेसागत प्रक्रिया के कसरी अगाडि बढाएका छन् ती समग्र कार्यक्रमहरूको अवलोकन गरी शिक्षकहरूको वैयक्तिक तथा पेसागत दक्षता बढाउन सकिन्छ । आफ्ना वरपरका राम्रा र उत्तम विद्यालय तथा दक्ष शिक्षकको कक्षा शिक्षण अवलोकन गरी कक्षाकोठामा प्रयोग भएका सान्दर्भिक शिक्षण योजना, शिक्षण सामग्री, शिक्षण विधि तथा कार्यकलाप, मूल्याङ्कन प्रक्रिया, विद्यार्थीप्रतिको व्यवहार, शिक्षकको व्यवहार, कक्षाकोठा व्यवस्थापन, विद्यार्थीहरूको सामाजिक, साँस्कृतिक, भाषिक, फरक क्षमता लगायतका पक्षहरूको अनुकरण गर्न सकिन्छ। साथै त्यस्ता अनुकरणीय तथा सान्दर्भिक अभ्यासहरूलाई आफ्नो विद्यालयअनुकूल लागू गर्न सकिन्छ।। यसर्थ शिक्षकहरूलाई आन्तरिक तथा बाह्य अवलोकन भ्रमण गराइ त्यसबाट प्राप्त सान्दर्भिक अनुभवलाई आफ्नो व्यवहारमा लागू गराएर पेसागत दक्षता विकास गर्न सकिन्छ।

**कार्यशाला तथा गोष्ठी**

कार्यशाला तथा गोष्ठी पनि शिक्षकको पेसागत विकासको महत्त्वपूर्ण आधार हो। शिक्षकहरूलाई विभिन्न कार्यशाला तथा गोष्ठीजस्ता कार्यक्रमहरूका निरन्तर सहभागी गराएर पनि शिक्षकहरूको पेसागत दक्षता बढाउन सकिन्छ। कार्यशाला तथा गोष्ठी लगायतका कार्यक्रमहरूबाट शिक्षक नयाँ ज्ञान, सिप तथा कार्यक्षमताको विकास हुने, भइरहेका ज्ञान, सिप तथा कार्यक्षमतालाई समयानुकूल परिमार्जन तथा परिष्कार गर्न सकिने तथा शैक्षिक क्षेत्रमा लागू भएका वा हुन लागेका नयाँ विज्ञान र प्रविधिका कुराहरूको बारेका सूचना प्रदान गर्न सकिन्छ। यस्ता कार्यक्रमहरूबाट शिक्षकहरूमा पेसागत विकास कार्यमा सकारात्मक पुनर्बल प्रदान गर्न सकिन्छ। यसका साथै लामो समयसम्म निस्क्रिय रहेको ज्ञान, सिप तथा अभिवृत्तिलाई पुनर्ताजगी बनाउँदछ। सम्बन्धित निकायबाट शैक्षिक क्षेत्रमा परिवर्तन भइरहेका नवीन सन्दर्भ, ज्ञान, सिप, विधि, कार्यकलाप, धारणा आदिको विकास तथा अद्यावधिक गराउने उपायका रूपमा कार्यशाला तथा गोष्ठीहरूको निरन्तर आयोजना गर्नुपर्दछ। यसरी शिक्षकको पेसागत विकास प्रक्रियालाई अगाडि बढाउन सकिन्छ।

**शिक्षक सञ्जाल**

शिक्षकहरूको समूह निर्माण गरी तिनीहरूले शिक्षणको क्रममा भोगेका समस्याहरूलाई समूहमा छलफल गरी समाधान गर्नका लागि शिक्षक सञ्जालको आवश्यकता पर्दछ। शिक्षकहरूले आफ्नो शिक्षण सिकाइ सहजीकरण तथा पेसागत विकासका क्रममा देखापरेका विविध समस्याहरूलाई आपसी छलफल तथा संवादको प्रयोग गरी समाधान गर्न सक्छन् । त्यसैले शिक्षकहरूको पेसागत विकास गर्नका लागि शिक्षकहरूको सञ्जाल निर्माण गर्नुपर्दछ। त्यसैगरी चक्रीय मोडेल को प्रयोग गरेर पनि शिक्षकहरूको पेसागत विकास गर्न सकिन्छ। चक्रीय मोडेलमा पेसागत विकासको विकासको कुनै पक्षमा पहिलो पुस्ताका शिक्षकहरूलाई तालिम मार्फत दक्ष बनाउने र उक्त पहिलो पुस्ताले दोस्रो पुस्तालाई सिकाउने व्यवस्था मिलाइन्छ (बराल, २०६७,पृ.७९)। यस मोडेलबाट एक पुस्ताले अर्को पुस्तालाई र अर्को पुस्ताले अझ अर्को पुस्तालाई सिकाउने व्यवस्था मिलाएर सबै शिक्षकहरूको पेसागत विकास गर्न सकिन्छ। यस्तो प्रक्रियालाई शिक्षक सञ्जालको प्रयोग गरी चारैतिर विस्तार गर्न सकिन्छ। यसर्थ शिक्षक सञ्जाललाई पनि शिक्षकहरूको पेसागत विकास प्रक्रियाको महत्त्वपूर्ण आधार मानिन्छ।

**आत्ममूल्याङ्कन**

शिक्षण सिकाइ सहजीकरणका क्षेत्रमा आफूले गरेका शिक्षणीय कार्यकलापहरूको लेखाजोखा गर्ने प्रक्रिया

आत्ममूल्याङ्कन हो । शिक्षण सिकाइ सहजीकरणको क्रममा निर्धारण गरेका उद्देश्य, शिक्षण सामग्री, शिक्षण विधि तथा कार्यकलापहरू र मूल्याङ्कन प्रक्रियाको आवश्यक लेखाजोखा गर्नुपर्दछ । यसबाट शिक्षणीय विषयवस्तु अनुरूपका उद्देश्य, शिक्षण सामग्री, शिक्षण विधि तथा कार्यकलापहरू र मूल्याङ्कनको छनोट्प्रयोग गरी विद्यार्थीहरूको सिकाइ उपलब्धि बढाउन सकिन्छ । आत्ममूल्याङ्कनबाट शिक्षकको शिक्षणीय शैलीमा सुधार गर्न सकिन्छ। तसर्थ आत्ममूल्याङ्कनलाई पनि शिक्षकहरूको पेसागत विकास प्रक्रियाको महत्त्वपूर्ण आधार मानिन्छ।

**कार्यसम्पादन मूल्याङ्कन**

कार्यसम्पादन मूल्याङ्कन कुनै कर्मचारीले निजको पद अनुसार गर्नुपर्ने कार्यको मापन तथा मूल्याङ्कन गर्ने कार्य हो। कार्यसम्पादन मूल्याङ्कन सम्बन्धित कर्मचारीले निजको काम कर्तव्य पुरा गर्दा लगाएको समय, काम गरेको परिमाण, गुणस्तर, प्रभावकारिताका आधारमा निजको कार्यको मूल्याङ्कन गर्ने विधि तथा पद्धति हो। कार्य सम्पादन मूल्याङ्कन गर्न सर्वप्रथम सम्बन्धित कर्मचारीले गर्नुपर्ने कार्यको विवरण हुनु पर्दछ। यो कर्मचारीको काम, काम गर्दाको अवलम्बन गरेको पद्धति तथा त्यसबाट सङ्गठनमा पुगेको योगदान समेत मूल्याङ्कन हो । यसमा केवल काममा प्राप्त सफलता तथा विफलताको लेखाजोखा नगरेर कार्यसम्पादनका क्रममा भएका कमीकमजोरीहरू औँल्याई आवश्यक परामर्शसमेत दिई पुनः सुधारको अवसर प्रदान गरिन्छ। त्यसपछि अन्तिम मूल्याङ्कन गरी मूल्याङ्कनको नतिजालाई प्रोत्साहन पुरस्कार दण्ड आदिसँग आबद्ध गरिन्छ । सङ्गठनको दृष्टिकोणमा यो सुपरिवेक्षणको औजार हो भने व्यक्तिको दृष्टिकोणमा यो आफ्नो क्षमताको पहिचान गरी निरन्तर सुधार मार्फत वृत्तिविकास गर्ने माध्यम हो।

**तालिका १**

नेपालका विश्वविद्यालय

| क्र.स. | विश्वविद्यालय | स्थान | स्थापना वर्ष |
|---|---|---|---|
| १ | त्रिभुवन विश्वविद्यालय | कीर्तिपुर | वि.सं.२०१६ |
| २ | काठमाण्डौं विश्वविद्यालय | धुलिखेल | वि.सं.२०४८ |
| ३ | पोखरा विश्वविद्यालय | लेखनाथ | वि.सं.२०५४ |
| ४ | पूर्वाञ्चल विश्वविद्यालय | विराटनगर | वि.स.२०५२ |
| ५ | नेपाल संस्कृत विश्वविद्यालय | त्रिभुवननगर | वि.सं.२०४३ |
| ६ | लुम्बिनी विश्वविद्यालय | लुम्बिनी | वि.सं.२०६० |
| ७ | मध्यपश्चिम विश्वविद्यालय | वीरेन्द्रनगर | वि.सं.२०६८ |
| ८ | सुदूरपश्चिम विश्वविद्यालय | महेन्द्रनगर | वि.सं.२०६७ |
| ९ | नेपाल कृषि विश्वविद्यालय | भरतपुर | वि.सं.२०६८ |
| १० | नेपाल खुला विश्वविद्यालय | ललितपुर | वि.सं.२०७३ |
| ११ | राजर्षि जनक विश्वविद्यालय | जनकपुर | वि.सं.२०७४ |
| १२ | गण्डकी विश्वविद्यालय | तनहुँ | वि.सं.२०७६ |
| १३ | मनमोहन प्राविधिक विश्वविद्यालय | मोरङ | वि.सं.२०७६ |
| १४ | मधेश कृषि विश्वविद्यालय | सप्तरी | वि.सं.२०७८ |
| १५ | मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय | मकवानपुर | वि.सं.२०७९ |
| १६ | लुम्बिनी प्राविधिक विश्वविद्यालय | बाँके | वि.सं.२०७९ |
| १७ | मधेश विश्वविद्यालय | पर्सा | वि.सं.२०८९ |

स्रोतः नेपालमा विश्वविद्यालयहरूको अवस्था र प्रादेशिक विश्वविद्यालय स्थापनाका आयामहरू (२०७९)

यहाँ शिक्षाशास्त्रको अध्ययन अध्यापन हुने विश्वविद्यालयहरूका बारेमा मात्र यहाँ चर्चा गरिएको छ।

**त्रिभुवन विश्वविद्यालय**

यो नेपालको सबैभन्दा पुरानो विश्वविद्यालय हो। यसको स्थापना वि.सं.२०१६ सालमा भएको हो। यसका विभिन्न अध्ययन संस्थान र सङ्कायमा विद्यार्थी अध्ययनरत छन्। यहा शिक्षाशास्त्र, इन्जिनियरिङ, चिकित्सा, विज्ञान, कृषि तथा पशु विज्ञान, वन विज्ञान, अंग्रेजी, नेपाली, भूगोल, अर्थशास्त्र, राजनीति शास्त्र, जनसङ्ख्या, संस्कृत, आयुर्वेद, वाणिज्यशास्त्र, शिक्षाशास्त्र जस्ता धेरै विषयमा पठनपाठन भइरहेको छ। यस विश्वविद्यालयको केन्द्रीय कार्यालय काठमाडौँको कीर्तिपुरमा रहेको छ। नेपालमा सबैभन्दा बढी शिक्षकको वृत्तिविकासमा योगदान पुऱ्याउने संस्था त्रिभुवन विश्वविद्यालय हो। त्रिभुवन विश्वविद्यालयको शिक्षाशास्त्र सङ्कायले आङ्गिक तथा सम्बन्धन प्राप्त विभिन्न क्याम्पसहरु मार्फत तालिमप्राप्त शिक्षक उत्पादन गर्दछ। यसको स्थापनापूर्व वि.सं. २०१३ सालमा कलेज अफ एजुकेशन को रुपमा शिक्षाशास्त्र सङ्कायको स्थापना भएको थियो। कलेज अफ एजुकेशनका विद्यार्थीहरुलाई प्रयोगात्मक कक्षा सञ्चालन र अभ्यासका लागि ल्याबर ेटरी स्कुलको स्थापना गरिएको थियो। कलेज अफ एजुकेशनको रुपमा स्थापना भएको शिक्षाशास्त्र सङ्काय अन्तर्गत शिक्षाशास्त्र सङ्काय विभाग, विभिन्न विषय समिति, दर्शनाचार्या ,विद्यावारिधि एकीकृत कार्यक्रम, आङ्गिक र सम्बन्धन प्राप्त क्याम्पसहरु सञ्चालनमा रहेका छन्।

शिक्षाशास्त्र सङ्काय अन्तर्गत सञ्चालन भएका विभिन्न विषयहरुको आ–आफ्नै केन्द्रिय विषय समितिहरु छन्। त्रिभुवन विश्वविद्यालयले दर्शनाचार्या, विद्यावारिधि एकीकृत कार्यक्रमको माध्यमबाट उच्च स्तरको जनशक्ति उत्पादन गरिरहेको छ। त्रिविका हाल ६१ वटा आङ्गिक क्याम्पस छन्। सम्बन्धन प्राप्त क्याम्पसहरु मार्फत तालिम प्राप्त शिक्षक उत्पादन गरी शिक्षकको वृत्ति विकासमा महत्त्वपूर्ण योगदान दिँदै आइरहेको छ। नेपालको सबैभन्दा जेठो र ठूलो विश्वविद्यालय हुनाले पनि देशभरी शाखा विस्तार गरी शिक्षकको पेसागत विकासमा सहयोग गरेको छ। करिब ४ लाख २० हजार विद्यार्थी अध्ययनरत त्रिविमा उच्चशिक्षाको गुणस्तर भने खस्किँदै गएको छ। विश्वविद्यालयले शैक्षिक क्यालेन्डर लागू गर्न सकेको छैन भने पढाइसँगै समयमै परीक्षा लिन र नतिजा प्रकाशन भएको छैन। तर हालको समयमा त्रिभुवन विश्वविद्यालयले विद्युतीय प्रशासनलाई प्रोत्साहन गरी सेवा प्रणालीलाई छिटो, छरितो र प्रभावकारी बनाउने उद्देश्यले औपाचारिक रुपमा सम्पूर्ण निकायहरुमा कार्यालय स्वचालित प्रणालीको आरम्भ गरेको छ। कार्यालय स्वचालित प्रणालीको माध्यमवाट अब सम्पूर्ण कार्यालयमा हुने दर्ता, चलानी, टिप्पणी, पत्र व्यवहार, परिपत्र र निर्णयका लागि माथिल्लो निकायहरुमा पेश गरिने कागजातहरु स्वचालित प्रणालीमार्फत सम्पादन हुने भएका छन्।

त्रिवि केन्द्रीय कार्यालयमा मिति २०८०।०४।०१ बाटै कार्यान्वयमा रहेको उक्त प्रणालीमा त्रिविका सम्पूर्ण निकायहरु संलग्न भइसकेको र हालसम्म ५२९ वटा युजर आइडी कार्यान्वयमा रहेका छन्। त्रिभुवन विश्वविद्यालयका आङ्गिक क्याम्पसलाई विश्वविद्यालय बनाइने भएको छ। उच्च शिक्षा ऐन, २०७६ (मस्यौदा) को परिच्छेद तीनको दफा ३० अनुसार त्रिविका आङ्गिक क्याम्पसलाई विश्वविद्यालय बनाइने भएको हो। त्रिविको पुनः संरचनाअनुसार त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाण्डौँ त्रिविको केन्द्रीय विश्वविद्यालयका रूपमा रहने भएको छ भने केही आङ्गिक क्याम्पसलाई विश्वविद्यालय बनाइने भएको हो। मेची बुहुमुखी क्याम्पस, झापालाई त्रिभुवन विश्वविद्यालय, चन्द्रगढी, झापा, ठाकुराम बहुमुखी क्याम्प, वीरगन्ज, पर्सालाई त्रिभुवन विश्वविद्यालय, वीरगन्ज, पर्सा, पृथ्वीनारायण क्याम्पस पोखरालाई त्रिभुवन विश्वविद्यालय पोखरा कास्की महेन्द्र बहुमखी क्याम्पस नेपालगन्जजलाई त्रिभुवन विश्वविद्यालय, नेपालगञ्ज, बाँके गरी त्रिभुवन विश्वविद्यालयको पुनःसरचना भएको हो।

**नेपाल संस्कृत विश्वविद्यालय**

नेपालमा संस्कृत शिक्षालाई सर्वसुलभ बनाई संस्कृत वाङ्मयभित्रका आध्यात्मिक मूल्यमान्यता तथा उदात्त भावलाई समयको माग अनुरूप प्रवाहित गराउने उद्देश्यले बेलझुन्डी दाङमा वि.सं.२०४३ साल मंसिर २५ गतेका दिन विधिवत् रूपमा नेपाल संस्कृत विश्वविद्यालय (तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालय) को स्थापना भएको हो। नेपालमा संस्कृत शिक्षाको संस्थागत एवं तहगत विकास गर्ने केन्द्रका रूपमा विकसित गर्ने उद्देश्य अनुरूप तत्कालीन राजा महेन्द्र वीरविक्रम शाहले सुरुवात गरेको कामलाई राजा वीरेन्द्र वीरविक्रम शाहको सक्रियता तथा संस्कृत अनुरागी नेपाली जनताको त्याग र अथक परिश्रमबाट हालको नेपाल संस्कृत विश्वविद्यालयको स्थापना भएको हो। संस्कृत विश्वविद्यालयको स्थापनामा संस्कृत शिक्षाको संरक्षण तथा उन्नयनका लागि दाङ जिल्लासहित देशका विभिन्न स्थानका संस्कृत शिक्षाप्रेमीहरूको उल्लेख्य योगदान रहेको छ।

त्यसका लागि वि.सं.२०१० सालमा दाङका शिक्षाप्रेमी तथा स्थानीय मजगैयाँ परिवारबाट दाङको देउखुरी उपत्यकामा १२०० बिगाहा भूमिदान गरी यस विश्वविद्यालयको पृष्ठभूमि तयार गरिएको हो। त्यसैको फलस्वरूप वि.सं.२०११ सालमा दाङस्थित बिजौरीमा जनता महाविद्यालयको स्थापना भयो र वि.सं.२०२४ सालमा सोही स्थानमा अन्तर्राष्ट्रिय स्तरको विद्वत् सम्मेलन सम्पन्न भयो। सोही पृष्ठभूमिमा वि.सं.२०२६ सालमा महेन्द्र संस्कृत विश्वविद्यालय स्थापना गर्ने घोषणा गरियो। योगी नरहरिनाथको नेतृत्वमा स्थानीय शिक्षाप्रेमी तथा अन्य संस्कृत अनुरागी व्यक्तिहरूबाट दानस्वरूप ३२६ बिगाहा जग्गा सङ्कलन गरियो र वि.सं.२०३१ सालमा दाङको बेलझुण्डीमा संस्कृत अध्ययन संस्थान डीनको कार्यालयको स्थापना भयो। यसरी नेपाल संस्कृत विश्वविद्यालयको स्थापनाको आधारभूमि निर्माण भएको हो। वि.सं.२०४३ सालमा ऐन बनी तत्कालीन महेन्द्र संस्कृत विश्वविद्यालयको स्थापना भएको हो। नेपालमा गणतन्त्रको स्थापनापछि वि.सं.२०६३ सालमा यसको नाम परिवर्तन भई नेपाल संस्कृत विश्वविद्यालय रहन गयो। यो विश्वविद्यालयको स्थापना वि.सं.२०४३ सालमा भएको हो। यसमा वैदिक वाङ्मयका विभिन्न विषय क्षेत्रको अध्ययन अध्यापनमा जोड दिइएको छ। यस वाङ्मयले भाषा शिक्षाका साथै कर्मकाण्ड, फलित ज्योतिष, योग शिक्षा, आयुर्वेद, प्राकृतिक चिकित्सा, वास्तु विज्ञान जस्ता व्यावसायिक शिक्षालाई समेटेको छ। संस्कृत विश्वविद्यालयमा वेद, व्याकरण, धर्मशास्त्र, इतिहास पुराण, न्याय, ज्योतिष, दर्शन, तन्त्र, बौद्ध दर्शन जस्ता विषयहरू अध्यापन गरिन्छ। यहाँ नेपाली, अंग्रेजी, गणित, अर्थशास्त्र, शिक्षाशास्त्र जस्ता आधुनिक विषय पनि पढाइन्छ। यसको मुख्य कार्यालय दाङको बेलझुन्डीमा रहेको छ। शिक्षकको वृत्ति विकासमा  यस विश्वविद्यालयले पनि महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ। यस अन्तर्गत सञ्चालित शिक्षाशास्त्र सङकायले शिक्षकको वृत्ति विकासका लागि स्नातक स्नातकोत्तर,विद्यावारिधि तहका कार्यक्रमको आयोजना गरी पेसागत विकास गरिरहेको छ।

**काठमाण्डौं विश्वविद्यालय**

काठमाण्डौं विश्वविद्यालय नेपालको एक सार्वजनिक स्वायत्त विश्वविद्यालय हो। यो काठमाण्डौंबाट३० किलोमिटर पूर्वमा काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा अवस्थित नेपालको तेस्रो पुरानो विश्वविद्यालय हो। यो सन् १९९१ मा नेतृत्वका लागि गुणस्तरीय शिक्षा› भन्ने नाराका साथ स्थापना भएको थियो। यसले धुलिखेल, पाटन, ललितपुर र भक्तपुरमा आफ्ना सातवटा विद्यालय र क्याम्पसमार्फत सञ्चालन गर्दै आएको छ। विश्वविद्यालयले विभिन्न क्षेत्रहरूमा स्नातक, स्नातकोत्तर,दर्शनाचार्या,विद्यावारिधि पाठ्यक्रमहरू प्रदान गर्दछ।यो विश्व विद्यालयको स्थापना वि.सं.२०४८ सालमा भएको हो। यसले चिकित्सा, इन्जिनियरिङ, नर्सिङ, व्यवस्थापन, शिक्षाशास्त्र, कला, विभिन्न आधुनिक प्रविधिसँगै अन्तर्राष्ट्रिय मापदण्डका विषय तथा तहहरू सञ्चालन गर्दै आएको यस विश्वविद्यालयमा विभिन्न क्षेत्रसँग सम्बन्धित विद्यार्थी अध्ययनरत छन्। यस विश्व विद्यालयको केन्द्रीय कार्यालय काभ्रेपलान्चोकको धुलिखेलमा रहेको छ। यस विश्वविद्यालयले स्नातक, स्नातकोत्तर तथा विद्यावारिधि तहमा शिक्षक शिक्षा सम्बन्धी थुप्रै  कार्यक्रमहरुको आयोजना गरी पेसागत विकासमा महत्त्वपूर्ण भूमिका खेल्दै आइरहेको छ। शिक्षाशास्त्र सङकायका विभिन्न विषयको  अध्ययन गराई तालिमप्राप्त शिक्षकको उत्पादन गरिरहेको छ। काठमाण्डौं विश्वविद्यालयमा स्कुल अफ आर्टस्, स्कुल अफ एजुकेसन, स्कुल अफ इन्जिनियरिङ, स्कुल अफ ल, स्कुल अफ म्यानेजमेन्ट, स्कुल अफ मेडिकल साइन्स संकायका विभिन्न २०० भन्दा बढी शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ। काठमाण्डौं विश्वविद्यालयमा अध्ययन गर्ने समूह, विभिन्न वर्गका विद्यार्थीको मुख्य आकर्षण नै वैदेशिक अध्ययनमा देखिएकोले विद्यार्थीको चाप अत्यन्तै घटेको पाइन्छ।

**पूर्वाञ्चल विश्वविद्यालय**

पूर्वाञ्चल विश्वविद्यालय  मोरङ नेपालको गोठगाउँ सुन्दर हरैचामा अवस्थित सार्वजनिक विश्वविद्यालय हो। यसलाई नेपाल सरकारले सन् १९९३ मा ग्रामीण जनताको सर्वांगीण विकासको लागि निःशुल्क सोधपुछ र खुला विद्वान् बहसलाई प्रोत्साहन गर्ने वातावरणमा ज्ञानको संरक्षण, परिष्करण, आविष्कार, ग्रहण, विस्तार र प्रसारण गर्ने मौलिक उद्देश्यका साथ स्थापना गरेको हो। तिनीहरूको अर्थव्यवस्था र वातावरण पूर्वाञ्चल विश्वविद्यालयले आफ्ना पाँच घटक क्याम्पसहरूका साथै १२३ भन्दा बढी सम्बद्ध कलेजहरू मार्फत आफ्नो शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दछ। विश्वविद्यालयले विराटनगर परिसरमा ५ सय ४५ हेक्टर जमिन ओगटेको छ। वि.सं.२०५१ सालमा पूर्वाञ्चल विश्वविद्यालय स्थापना भएको हो। यस विश्वविद्यालयको साधारण, व्यावसायिक तथा प्राविधिक शिक्षा प्रदान गर्ने उद्देश्य रहेको छ। यसमा विज्ञान मानविकी, व्यवस्थापन, शिक्षाशास्त्र र कानुन सङ्काय तथा फाइन आर्ट्समा अध्ययन अध्यापन गराइन्छ। यस विश्वविद्यालयको केन्द्रीय कार्यालय मोरङमा छ।  पेसा, व्यवसाय र प्रविधिसँग सम्बधित विभिन्न  विषयको अध्ययन अध्यापन गरिने यस

विश्वविद्यालयले शिक्षाशास्त्र सङ्कायका माध्यमबाट विभिन्न विषयका तालिमप्राप्त शिक्षक उत्पादन गरिरहेको छ।

**पोखरा विश्वविद्यालय**

पोखरा विश्वविद्यालयको वि.सं.२०५४ स्थापना भएको हो। यसको केन्द्रीय कार्यालय पोखरा लेखनाथ नगरपालिका, कास्की जिल्ला, पश्चिम विकास क्षेत्रमा छ। पूर्वाञ्चल विश्वविद्यालयसँगै, उच्च शिक्षामा सुधारको पहुँचको लागि सरकारको नीतिको एक भागको रूपमा पोखरा विश्वविद्यालय गठन गरिएको थियो । यस विश्वविद्यालयका ४ ओटा आङ्गिक र ५० भन्दा बढी सम्बन्धन प्राप्त कलेजहरू सञ्चालनमा रहेका छन् । व्यवस्थापन, मानविकी, विज्ञान तथा प्रविधि सङ्कायमा यस विश्वविद्यालयले आफ्नै कार्यक्रम सञ्चालन गरिरहेको छ। यसको केन्द्रीय कार्यालय कास्कीको पोखरामा छ। यसले शिक्षकको पेसागत विकासमा समेत महत्त्वपूर्ण भुमिका खेल्दै आएको छ । पोखरा विश्वविद्यालयले फ्याकल्टी अफ साइन्स एण्ड टेक्नोलोजी, फ्याकल्टी आफ हेल्थ साइन्स, फ्याकल्टी अफ म्यानेजमेन्ट र फ्याकल्टी अफ ह्युमेनिटिज एण्ड सोसियल साइन्स गरी चार वटा संकायमा ६४ वटा शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ।

**लुम्बिनी बौद्ध विश्वविद्यालय**

लुम्बिनी बौद्ध विश्वविद्यालय बुद्धको जन्मस्थल लुम्बिनी, नेपालको एक महत्त्वपूर्ण शैक्षिक संस्था हो। साढे २ बिघा जमिनमा सुरु भएको विश्वविद्यालयको अहिले ११३ बिघा जमिन छ। विश्वविद्यालयको देवदहमा ९२ बिघा जमिन रहेको छ। बुटवल–१२, नयाँगाउँमा करिब ६ बिघा जमिन र लुम्बिनीमा करिब १५ बिघा जमिन रहेको छ। सन् १९९८ मा लुम्बिनीमा भएको प्रथम विश्व बौद्ध शिखर सम्मेलनमा विश्वविद्यालयको अवधारणा आएको थियो र यो १७ जुन सन् २००४ मा आधिकारिक रूपमा गठन भएको थियो। १० नोभेम्बर सन् २००६ मा जारी लुम्बिनी बौद्ध विश्वविद्यालय ऐनले यसको कानुनी स्थितिको पुष्टि गरेको थियो। विश्वविद्यालयले नेपाल सरकारबाट आर्थिक सहयोग प्राप्त गर्दछ। भगवान् गौतम बुद्धको नामबाट वि. सं. २०६२ मा स्थापित यस विश्वविद्यालयको केन्द्रीय कार्यालय लुम्बिनीमा रहेको छ। यो विश्वविद्यालय मूलतः बौद्ध दर्शन, साहित्य, शिक्षा र संस्कृतिको अध्ययन अध्यापन तथा अनुसन्धान गर्न स्थापना भएको हो। हाल यसमा एउटा आङ्गिक र पाँचओटा सम्बन्धन प्राप्त क्याम्पस रहेका छन् । अहिले तीनवटा संकाय बौद्ध अध्ययन संकाय, मानविकी तथा सामाजिक शास्त्र संकाय र स्कुल अफ डेभलपमेन्ट एन्ड एप्लाइड साइन्स सञ्चालनमा छन्। बौद्ध विश्वविद्यालयमा बौद्ध अध्ययन संकायअन्तर्गत विद्यावारिधि कार्यक्रम चालू रहेको छ भने शैक्षिक कार्यक्रमबाहेक अनुसन्धान केन्द्रबाट अनुसन्धानका कार्यक्रम भइरहेको छ। सबै कार्यक्रम सेमेस्टर प्रणालीमा सञ्चालित छन्। संसारभरका बौद्ध दर्शनमा ज्ञान राख्न चाहनेका लागि विश्वविद्यालय राम्रो अध्ययनको केन्द्र बनिरहेको छ। नेपालका सातवटै प्रदेशमा रिसर्च सेन्टर हरूको स्थापनाका लागि अध्ययनका काम भइरहेका छन्। शैक्षिक कार्यक्रमबाहेक अनुसन्धान केन्द्रबाट अनुसन्धानका कार्यक्रम भइरहेका छन्। अनुसन्धान केन्द्रले बौद्ध दर्शनका पुराना ग्रन्थहरूको अनुवाद गरिरहेका छन्। पाली संस्कृतिमा रहेका बुद्धिजमसँग सम्बन्धित महत्ववपूर्ण ग्रन्थहरूको नेपालीकरण गरिएको छ। लगभग एक दर्जन तयार भएका छन् भने तीमध्ये केही प्रकाशित समेत भएका छन्।

**मध्यपश्चिमाञ्चल विश्वविद्यालय**

मध्यपश्चिम विश्वविद्यालय नेपालको कर्णाली प्रदेशको क्षेत्रीय मुख्यालय, सुर्खेतको वीरेन्द्रनगरमा अवस्थित एउटा सार्वजनिक विश्वविद्यालय हो, जुन पहिले नेपालको मध्यपश्चिम विकास क्षेत्रको मुख्यालय थियो। विश्वविद्यालय स्थापनाका लागि वीरेन्द्रनगर–१२ मा २ सय २० बिघा जमीन छुट्याइएको छ। यस विश्वविद्यालयको स्थापना वि.सं.२०६७ सालमा भएको हो। कला, विज्ञान, चिकित्साशास्त्र, कानुन, व्यवस्थापन, शिक्षा र प्राविधिक तथा अन्य व्यावसायिक विषयमा अध्ययन, अध्यापन र अनुसन्धान गराउँदै आएको छ। यसमा स्नातक र स्नातकोत्तर कार्यक्रम विभिन्न विधामा सञ्चालन भएका छन् । यसको केन्द्रीय कार्यालय वीरेन्द्रनगर सुर्खेतमा रहेको छ। यो एक स्वायत्त र सार्वजनिक उच्च शैक्षिक संस्था हो । जसको उद्देश्य नेपाली जनताको सेवा गर्नु र उच्च शिक्षाका फाइदाहरू विस्तार गरेर विश्वव्यापी शिक्षा समुदायलाई समृद्ध बनाउनु हो । यस विश्वविद्यालये मध्यपश्चिम क्षेत्रमा विभिन्न किसिममा आगिक तथा सम्बन्धन प्राप्त क्याम्पस स्थापना गरी आफ्नो सेवा विस्तार गरिरहेको छ। यस विश्वविद्यालयले शिक्षाशास्त्र संकायको स्थापना गरी बि.एड, एम.एड कार्यक्रम हरुको स्थापना गरी शिक्षक शिक्षाको विकासमा महत्वपूर्ण योगदान दिँदै आइरहेको छ। मध्यपश्चिम विश्वविद्यालयले मानविकी तथा सामाजिक विज्ञान, व्यवस्थापन, शिक्षा, विज्ञान तथा प्रविधि र इन्जिनियरिङ संकाय गरेर पाँच वटा संकायमा विभिन्न शैक्षिक कार्यक्रम सञ्चालन गरिरहेको छ।

**सुदूरपश्चिम विश्वविद्यालय**

सुदुरपश्चिम विश्वविद्यालयको स्थापना वि.सं.२०६७ सालमा भएको हो। यस विश्व विद्यालयमा, मानविकी तथा समाजशास्त्र, कानुन, इन्जिनियरिङ, व्यवस्थापन, शिक्षाशास्त्र, विज्ञान प्रविधि तथा अन्य व्यावसायिक विषयमा

विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिरहेको छ। यस विश्वविद्यालयको केन्द्रीय कार्यालय भीमदत्त नगरपालिका वडा न. १८ कञ्चनपुरमा रहेको छ। यसको मुख्य दृष्टि शैक्षिक उत्कृष्टता, रचनात्मक,नवाचार र अनुसन्धानमा आधारित शिक्षाको साथ विश्व–स्तरीय शैक्षिक संस्था बन्नु हो। सुदूरपश्चिम क्षेत्रमा रहेको विश्वविद्यालयको रणनीतिक स्थानले स्थानीय जनताको उच्च शिक्षामा पहुँच बढाउन मात्र नभई यस क्षेत्रको समग्र विकासमा गतिशीलता पनि सृजना गर्नेछ। यसले आफ्नो स्थापनाकालदेखि नै उच्च शिक्षालाई यस क्षेत्रका जनताको पहुँचमा पुऱ्याउने जिम्मेवारी पूरा गर्दै आइरहेको छ। विश्वविद्यालयले महेन्द्रनगरस्थित आफ्नो केन्द्रीय क्याम्पसमा विभिन्न संकाय (मानविक तथा सामाजिक विज्ञान, शिक्षा, व्यवस्थापन, इन्जिनियरिङ, विज्ञानप्रविधि, कम्प्युटर विज्ञान) अन्तर्गत थुप्रै स्नातक र स्नातकोत्तर कार्यक्रम सुरु गरेको छ। विश्वविद्यालयका सबै स्नातक पाठ्यक्रमहरू चार वर्षको अवधिका छन्। यसले विभिन्न विधामा स्नातकोत्तर कार्यक्रम पनि सुरु गरेको छ। हाल सुदूरपश्चिम प्रदेशका विभिन्न जिल्लाका १६ वटा क्याम्पसमा आफ्ना कार्यक्रम विस्तार गरेको छ। यस क्षेत्रको शैक्षिक विकासमा यस विश्वविद्यालयले महत्त्वपूर्ण योगदान दिदैँ आइरहेको छ। स्नातक,स्नातकोत्तर, दर्शनाचार्य र विद्यावारिधि तहसम्म शिक्षकको पेसागत विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याइरहेको छ।

### मधेश विश्वविद्यालय

प्रदेश स्तरमा २०७९ सालमा मधेश प्रदेश सरकारकद्वारा स्थापित मधेश विश्वविद्यालयले आफ्ना विद्यार्थीहरूलाई जवाफदेहीता व्यवस्थापन सिकाउने ध्ययले एक विद्यार्थी एक रूख, कहाँ छापियो हाइन, के छापियो, उद्यमशीलता विकास, विविए जस्तो कार्यक्रमको आधारमा बनाइरहेको Bachelor of Sustainable and Innovative Enterpreneurship Program मा नेपाली भाषाको व्यवहारिक ज्ञान दिन खोजिनु, कानूनको पाठ्यक्रममा नेपाली भाषा, नेपाली तथा अंग्रेजी दुवै भाषामा प्रश्नपत्र सोधिनु, हुने विरुवाको चिल्लो पात जस्तै एडि साइन्टिफिक ऱ्याङ्किङ समेतमा अन्तिम तीन वर्षको H-Index को आधारमा देशकै तेस्रो विश्वविद्यालय हुनुले आस जगाएको छ। (Mishra, 2024; Mishra, 2021; Mishra & Nepal, 2022; Mishra, 2022, Mishra & Jha 2023)

### शिक्षक पेसागत विकासको आवश्यकता

शिक्षण पेसा एक प्राविधिक कार्य हो। जुनसुकै प्राविधिक कार्य सम्पन्न गर्नका लागि कुनै न कुनै प्रकारको विशेष सिप र दक्षताको आवश्यकता पर्दछ। त्यस्तै शिक्षणलाई प्राविधिक रूप दिन शिक्षकमा विशेष प्रकारको योग्यता, क्षमता र तालिमको आवश्यकता पर्दछ। एउटा शिक्षक व्यावसायिक रूपमा दक्ष हुन वा उसमा पेसागत दक्षता हुन शिक्षण सिप, शैक्षिक प्रक्रियाको ज्ञान, शैक्षिक सामग्री र विधिहरूको ज्ञान, विद्यार्थी मूल्यांकन सिप, शिक्षण योजना निर्माण र प्रयोगसम्बन्धी सिपका साथै कक्षाकोठामा समाहित शिक्षण गर्ने र शिक्षण पेसाप्रति सकारात्मक दृष्टिकोण हुन आवश्यक हुन्छ। शिक्षकलाई पेसागत विकासको आवश्यकता अहिलेको वैज्ञानिक युगमा हरेक दिन नयाँनयाँ कुराको आविष्कार भइरहेको छ र विभिन्न विधाहरूमा नयाँनयाँ आविष्कारले नयाँनयाँ ज्ञान र सिपको वृद्धि भइरहेको छ। त्यसैले हरेक व्यक्तिले आफ्नो विषय र पेसासम्बन्धी ज्ञान र सिपमा सबैले नवीनतम जानकारी राख्न जरुरी हुन्छ। शिक्षण पेसामा पनि विविध नयाँनयाँ ज्ञान र सिप आइरहेका हुन्छन् (जोशी र वड्ू २०७९,पृ.११८)। त्यस्तै पाठ्यक्रम, पाठयपुस्तक पनि परिवर्तन भइरहेका हुन्छन्। नयाँ विषयवस्तुका बारेमा ज्ञान, सिप आर्जन गर्न शिक्षकलाई पेसागत विकास गर्न आवश्यक हुन्छ। शिक्षकको पेसागत वृद्धि गर्न शिक्षकहरूमा नवीनतम जानकारी दिई उनीहरूमा ज्ञान, सिप तथा अभिवृत्ति बढाउन आवश्यक रहेको हुन्छ। यसका लागि कुनै न कुनै प्रकारका तालिम गोष्ठी, पुनर्ताजगी तालिम, प्रशिक्षण, शिक्षकको कक्षा सम्बन्धित दक्षता, विद्यालय सम्बन्धित दक्षता, विद्यार्थी सम्बन्धित दक्षता र समुदाय सम्बन्धित दक्षता बढाउन उसलाई विभिन्न प्रकारका तालिम आदिको आवश्यकता पर्दछ। सक्षम, दक्ष र कुशल शिक्षक भई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि शिक्षकको निरन्तर पेसागत विकास अनिवार्य मानिन्छ। वर्तमान सूचना तथा प्रविधिको युगमा त दिनहुँ नयाँ नयाँ कुराहरू आइरहने र पुराना कुरा बासी हुँदै जाने परिवेशले पनि शिक्षकको पेसागत विकास निरन्तर आवश्यक देखिएको छ।

## निष्कर्ष

शिक्षकको पेसागत विकासले पेसालाई मर्यादित, विशिष्ट, अद्यावधिक र संवृद्धशाली बनाउने उपायहरूको खोजी गर्दछ। शिक्षण पेसामा संलग्न व्यक्ति सधैँ सिकारुको भूमिकामा रहेर नयाँ कुरा सिक्नका लागि उत्सुक हुनुपर्दछ। पूर्ण ज्ञानको प्राप्ति सम्भव नरहेकाले सिकाइको क्रम पनि कहिल्यै समाप्त हुँदैन। शिक्षणमा नयाँ नयाँ ज्ञान, सिप,

चिन्तन, दृष्टिकोण र प्रविधिहरूको प्रयोग अनिवार्य भएकाले यी कार्यमा शिक्षक सधैं सचेत भएर लाग्नुपर्ने हुन्छ । शिक्षकको वैयक्तिक क्षमता निर्माण र पेसागत सुझको विकास क्षमता अभिवृद्धिका विभिन्न कार्यहरूबाट मात्र सम्भव छ । सहकार्यात्मक सिकाइ, आपसी अन्तरक्रिया, समझदारी, नवीन चिन्तनको विकास, सिकाइ रणनीतिमा सुधार, प्रविधिको प्रयोग आदि सुधारात्मक कार्यका लागि पनि पेसागत विकासका कार्यहरू आवश्यक मानिन्छन् । शिक्षकको पेसागत विकासमा मूलतः वैयक्तिक, सामाजिक सांस्कृतिक, संस्थागत, नीतिनियसंगत, आर्थिक र सिकाइगत पक्षहरू संलग्न भएका हुन्छन् । यी पक्षहरूलाई सम्बोधन गरी शिक्षकहरूको पेसागत विकासको अवस्था सुदृढ गर्नु आजको अनिवार्य आवश्यकता बनेको छ । जसका लागि शिक्षकको आवश्यकता पहिचान गर्ने, उपयुक्त कार्यक्रम निर्माण गर्ने, उक्त कार्यक्रम सञ्चालनको विधि र प्रक्रिया निर्धारण गर्ने तथा तिनको मूल्याङ्कन र प्रबोधीकरणका उपायहरू पहिचान गरी कार्यान्वयन गर्ने परिपाटीको विकास गर्नु आवश्यक देखिन्छ ।

## सन्दर्भ सामग्री सूची


काफ्ले, वाशुदेव र अन्य (२०५९), शैक्षिक प्रशासन र सुपरिवेक्षण, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

कुँवर, पुष्पलता र अन्य (२०६३), शैक्षिक प्रशासन, काठमाण्डौं: विद्यार्थी प्रकाशन प्रा.लि. ।

खनाल, पेशल (२०६०), शैक्षिक अनुसन्धान पद्धति, काठमाण्डौं :स्टुडेण्स्बुक पब्लिसर्स ।

जोशी,हेमा र वडू, भूवेश्वेरी (२०७९), नेपाली भाषा शिक्षकको पेसागत उन्नयनको अवधारणा, काठमाण्डौं: इन्टेक्च्युअल्ज बुक प्यालेस ।

थपलिया, तुलसीप्रसाद (२०७२), नेपालमा शिक्षकको पेसागत विकास मोडलः अनुभव र कार्यदिशा, शिक्षक शिक्षा भक्तपुरः शैक्षिक जनशक्ति विकास केन्द्र, सानोठिमी ।

नीति अनुसन्धान प्रतिष्ठान (२०७९), नेपालमा विश्वविद्यालयहरूको अवस्था र प्रादेशिक विश्वविद्यालय स्थापनाका आयामहरू, काठमाण्डौं: नीति अनुसन्धान प्रतिष्ठान ।

रिजाल,ऋषिराम (२०७०),कन्ट्रक्टिभिस्ट् पर्सपेक्टिभ अन टिचर डिभलपमेन्ट, काठमाण्डौं:शुभकामना प्रकाशन ।

वाग्ले, मनप्रसाद र कार्की, उपेन्द्रकुमार (२०५८), शिक्षाका आधारहरु, काठमाण्डौं: विद्यार्थी पुस्तक भण्डार ।

शर्मा,चिरञ्जीवि र निर्मला(२०६७), शिक्षाको परिचय,काठमाण्डौं:एम.के.पब्लिसर्स एन्ड डिस्ट्रिव्युटर्सस ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०६७), शिक्षकको पेसागत विकास कार्यक्रम कार्यान्वयन पुस्तिका – २०६६, भक्तपुरः स्वयम् ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७२), शिक्षक सक्षमताको प्रारुप, सानोठिमीः शैक्षिक जनशक्ति विकास केन्द्र ।

शैक्षिक जनशक्ति विकास केन्द्र (२०७३), शिक्षक पेसागत विकास तालिम. सानोठिमीः शैक्षिक जनशक्ति विकास केन्द्र ।

शैक्षिक गुणस्तर परीक्षण केन्द्र (२०७६), वार्षिक प्रतिवेदन आ. व. २०७५७६, भक्तपुरः स्वयम् ।

Bhattrai. P.C (2010). *Ethics of teachers' Identity in Nepalese public schools*. An unpublished M. Phil dissertation. School of Education : Kathmandu University.

Darling-Hammond. L. Hyler. M. E. Gardner. M. (2017). *Effective teacher professional development*. Learning Policy Institute.

Mishra,A.(2024). *Work plan for Madhesh University.* https://doi.org/10.5281/zenodo.13979028

Mishra, A. K. (2021). What is the best journal to publish your scholarly article? *Journal of Advanced Research in Construction and Urban Architecture, 6*(4), 31–33. https://doi.org/10.24321/2456.9925.202113

Mishra, A. K. (2022). *Strategic proposal for developing Madan Bhandari Technological University*. https://doi.org/10.5281/zenodo.7316861

Mishra, A. K. (2022). *MBTU: Initial university concept and curriculum development report*. https://doi.org/10.5281/zenodo.7030326

Mishra, A. K., & Ananda, N. (2022). Be prepared for futuristic sustainable academic operation. In *Proceedings of the 9th international conference on modern education and new learning technologies* (pp. 63-67). https://doi.org/10.5281/zenodo.7748843

Mishra, A. K., & Mishra, S. (2024). Theory of economic development and pain from educational status of madhesh province. In *Dining Decisions: Exploring Customer Loyalty in the Restaurant Business of Nepal and the Transformation of Food and Grocery Retail in India* (pp. 29–46). Intellectuals' Book Palace. https://doi.org/10.5281/zenodo.14312733

Mishra, A.K. (2022). *Teaching and research operation at Pokhara University*. http://dx.doi.org/10.2139/ssrn.4256252

Mishra, A. K., & Jha., P. B., (2023). Emergence of quality assurance and accreditation: Context of higher education in Nepal. In P. K. Paul, P. S. Aithal, Shailashri V. T., & S. Noronha (Eds.), *Emergence and research in interdisciplinary management and information technology* (pp. 167-182). New Delhi Publishers. https://doi.org/10.5281/zenodo.8065756.

Madhesh University. (2024). Madhesh University. https://madheshuniversity.edu.np

Poudel. G.P. (2019). *Professional identities of Nepalese English teachers' constructed through professional associations*. An unpublished M. Phil dissertation. Tribhuvan University.

7 Characteristics for a Teacher's Professional Development (2019).

The Importance of Professional Development for Educators. (2019).

Timperley. H. (2008). *Teacher professional learning and development*. UNESCO.

UNESCO (2003). *Teacher professional development: An international review of the Literature.*